श्री राम चन्द्र मिशन®

ECHOES NEPAL NEWSLETTER

# प्रियतम कमलेश भाईको जन्मउत्सव समारोह

डि.जे.पार्क, त्रिरुप्पुर

२७-२९ सेप्टेम्बर २०१५



कमलेश भाईको ६० औं जन्मदिन तीन दिने भण्डाराको रुपमा डि. जे.पार्क, तिरुप्पुरमा मनाईयो । उहाँको जन्मदिनलाई भण्डाराको रुपमा मनाईएको यो पहिलो अवसर थियो । यद्यपि यो दुई महिना अगाडि मात्रै घोषणा गरिएको थियो तथापि आयोजकहरुले छोटो अवधिमा नै प्रयाप्त व्यवस्था मिलाएका थिए । उत्सव सहज रुपमा नै सम्पन्न, यसको लागि अथकरुपमा कार्यरत रहने स्वयंसेवक अभ्यासीहरु धन्यवादका पात्र छन् ।

कमलेश भाईले २७ र २८ तारिखको दिन तीन तीन वटा सत्सङ्ग संचालन गर्नुभयो र २९ तारिखको दिन एउटा समापन सत्सङ्ग संचालन गर्नु भएको थियो । सत्सङ्गको समय विहानको ६.३० र १० बजे तथा अपरान्हको ५ बजे थियो ।

२७ तारिखको दिन साँझमा कमलेश भाईले आफ्नो भाषणको क्रममा आफुलाई उपहार लिन कसरी मन पर्दैन भनेर बताउनु भयो । उहाँले विनम्रतापूर्वक सबैलाई यदि कसैलाई केहि दिउँ जस्तो लाग्यो भने मिशनलाई नै चन्दा दिन अनुरोध गर्नुभयो । उहाँले यो पनि उल्लेख गर्नुभयो कि हृदयाभावको कार्यक्रम जुन संसार भरि नै सुरुआत भएकोछ, त्यसको उत्थान र कार्यक्रम संचालन गर्न ठूलो कोषको आवश्यकता पर्दछ ।

२८ तारिखका दिन उहाँ अन्त्यन्त खुशीको भावमा हुनुहुन्थ्यो र भन्नुभयो कि जन्मदिनको सबैभन्दा ठूलो उपहार यो कुरा हो कि अभ्यासीहरुले कजेटको वरिपरि भीडभाड गरिरहेका थिएनन् र सम्पूर्ण स्थान नै शान्तिमय थियो । उहाँले यस विषयमा बोल्नु भयो सहजमार्ग कसरी एउटा व्यक्तिवाट अर्को व्यक्तिमा प्रतिध्वनित हुनुपर्दछ र अब मिशनमा अब आँउनेहरुको माध्यमबाट फैलिनजान्छ । हामीले तिनीहरुलाई यस कुरामा सक्षम बनाउँनु पर्दछ कि उनिहरुले अरुहरुलाई विश्रामको तरिका उनिहरुले सुरु गरेकै दिन देखि सिकाउन सकुन् ताकि तिनीहरुले पनि अरुहरुसित कुरा गर्दा सुविधा अनुभव गरुन् । उहाँले अभ्यासीहरुलाई हृदयाभावको सुरु आतको वारेमा कार्यक्रम संचालन गर्न हतारिनु भन्दा पहिले राम्रोसित बुझ्नुन् । उहाँले सबै अभ्यासीहरुसित सुझावको लागि आग्रह गर्नुभयो तथा त्यस्ता सुझाव suggestions@srcm.org मा पठाउन भन्नुभयो ।

तिरुप्पुरमा पहिलो पटक ध्यानहलमा आद्रता व्यवस्थापन गर्ने एउटा चाखलाग्दो व्यवस्था मिलाईएको थियो जसले अभ्यासीहरुलाई दिउँसो



श्री राम चन्द्र मिशन®

ECHOES OF NEPAL NEWSLETTER





को गर्मिमा अत्यन्त आवश्यकता महसुस भएको राहत प्रदान गरेको थियो । ध्यानहलमा करिब १६,५०० व्यक्ति सत्सङ्गमा सहभागि भएका थिए जब कि खानाको हलमा उपस्थिति हुने को संख्या करिब १९,००० रहेको थियो ।




यस अवसरमा थुप्रै पुस्तकहरु तथा डि.भि.डि हरु प्रकाशन विभागद्धारा विमोचन भयो । सबैभन्दा ध्यान हृदयाभाव पत्रिकाले आकर्षित गर्यो, यसको कारण यसको चाखलाग्दो ढाँचा र प्रस्तुतिकरण थियो, साथै यसको कारण यसमा विभिन्न विषयका थुप्रै प्रकारका लेखहरु पनि थिए ।

२७ र २८ तारिखको दिन हृदयाभावको प्रशिक्षणको सत्रहरु संचालन भएका थिए । हृदयाभावको विषयमा विस्तृत रुपमा व्याख्या गरि एको थियो केहि सहयोगि सामग्रिहरु वितरण भएका थिए तथा सन्देहहरु स्पष्ट पारिएका थिए । २८ तारिखको दिन साँझमा हृदयाभावका सहजकर्ताहरुबाट उठेका प्रश्न उत्तर दिन कमलेश भाई आँउनु भयो । उहाँले अत्यन्त धैर्यतापूर्वक ससाना प्रश्नहरुको उत्तर पनि बडो हँसिलो ढँगले दिनुभयो । यस क्रममा उहाँले पूरै भरिएको हलका सबै सहभागिहरुलाई रमाईलो वातावरणमा ज्ञान प्रदान गर्नुभयो ।

भण्डाराको लागि कमलेश भाईले दिनुभएको मूल विषय हृदयाभाव रहेको थियो त्यसैले सबैतिर हृदयाभावको प्रवृति देखिन्थ्यो । जेष्ठ नागरिकहरुको लागि यातायातको सुविधा प्रदान गर्न र सुधार गर्न ध्यान पुर्याइएको थियो ।

कम्फोर्ट डोर्ममा १२०० सहभागीहरु बसेका थिए, यसको साथै आवश्यक पर्नेहरुलाइ एयर कण्डिसन डोर्म पनि व्यवस्था गरिएको थियो, त्यसमा तातोपानी र भोजनको पनि व्यवस्था मिलाईएको थियो । सुविधाको रुपमा विहानैको चिया, विस्कुट, केरा र जुसहरु पनि उपलब्ध गराईएको थियो । आफ्नो कामको पूर्ण व्यस्त कायतालिका हुँदा हुँदै पनि कमलेश भाई सदैव साँझमा अभ्यासीहरुसित भेटघाट गर्न छोटो भ्रमणमा आँउने गर्नुहुन्थ्यो । सिमसिम पानी र हल्का वषातले गर्दा साँझ सितल हुने गर्दथियो । डि.जे. पार्कको पूर्वपट्टि पानी पर्नु अगाडि मयूरको नृत्य आकर्षणको विषय थियो ।

भण्डाराको अवधिमा “Sahaj Connect” नामक मोवाईलको ऐप (application) सुरुआत भयो र उपस्थित सबैको ध्यान आकर्षित गर्यो । यस ऐप (application) ले संसारको कुनै पनि कुनामा भएका अभ्यासीहरुले सिटिङ्गको आवश्यकता महशुस गरे भने सिटिङ्ग लिन सक्दछन् ।

पानी शुद्ध पारिएको खानेपानी, नाला व्यवस्था र फोहर व्यवस्थापन उपयुक्त मात्रामा नियन्त्रणमा थियो र भविष्यमा गर्न सकिने सुधारको विषयमा कमलेश भाईले केहि सुझाव दिनुभयो ।

२९ तारिखको दिन आफ्नो समापन भाषणमा कमलेश भाईले आ-आफ्ना अवस्थाहरुलाई कायम राखी राख्न भन्नुभयो र अर्को भण्डारा जुन पूज्य लालाजी महाराजजीको जन्म उत्सव हुनेछ, त्यसमा भेट हुने कामना गर्नुभयो । सहभागि हुने अधिकांशले भण्डाराको अुभवलाई गहिरो भनेर वर्णन गरे ।



श्री राम चन्द्र मिशन®

ECHOES OF NEPAL NEWSLETTER

# भारतको बाँकि भागमा भएको उत्सवको फोटो यात्रा











## नयाँ प्रकाशन








### किताब

Complete Works of Ram Chandra - Vol 3 (Tamil)

Complete Works of Ram Chandra - Vol 4 (Malayalam)

Way of Love (English)

### अग्रेंजी डि. भी. डि.

Love is the Essence

The Essence of Sahaj Marg





श्री राम चन्द्र मिशन®

ECHOES OF NEPAL NEWSLETTER





अहमदाबाद

## मालिकको भ्रमण प्रतिवेदन

### अगष्ट २०१५

### अहमदावाद, गुजरात

१३ अगष्टको दिन कमलेश भाई हैदरावादबाट अहमदावाद पुग्नुभयो । त्यस क्षेत्रका सबै अभ्यासीहरुलाई १४ अगष्टको दिन पुज्य लालाजी महाराजको महासमाधि दिन भएको हुनाले अदलाज योगाश्रममा सत्सङ्गमा सहभागि हुन आमन्त्रण गरिएको थियो । ११०० अभ्यासीहरु भेला भएको कारणले यो सानो भण्डारा जस्तै थियो र तीन दिनसम्म प्रत्येक दिन दुईवटा सत्सङ्ग कमलेश भाईले संचालन गर्नु भएको थियो ।

अगष्ट १५ को दिन, सत्सङ्ग पश्चात कमलेश भाईले सबैलाई सम्बोधन गर्नुभयो । उहाँले पदाधिकारीहरुको कामको विषयमा स्पष्ट पार्नुभयो र कसरी एउटा व्यक्तिले आफुस्वयं भित्र आफुस्वयंको साधना र विशेष गरेर मिशनको कामलाई आफ्नै काम भनेर गर्ने गरेर आफ्नो मालिकलाई बाध्य पार्न सक्दछ भन्नुभयो । त्यसपछि उहाँले बाबुजीको उदाहरणद्धारा आफ्नो कुरालाई व्याख्या गर्नुभयो र १० डिसेम्बर २००४ को व्हिस्पर्शको सन्देशमा उल्लेखित हृदयाभावको विषयलाई विस्तृत रुपमा व्याख्या गर्नुभयो ।

साँझमा भएको प्रश्न उत्तरको अनौपचारिक सत्रमा उठेका केहि विषयहरु :-

- हामीलाई जे दिइएको छ त्यो अरुलाई दिइनु पर्दछ, जब हामी कसैलाई भेट्दा हात मिलाउँदछौं, त्यस व्यक्तिले हामी भित्र विद्यमान अवस्थाको प्रभाव अनुभव गर्न सक्नुपर्दछ । यो हामीबाट बगेर जानुपर्दछ, हामी आध्यात्मिक अवस्थाको चिहान वन्नु हुन्न, त्यसलाई महामारी जस्तै गरेर फैलाउनु पर्दछ ।
- सबै आमाहरुलाई यो सल्लाह दिइयो कि हामीले हाम्रा सन्तानहरुलाई हाम्रा महान मालिकहरुद्धारा संरक्षकको रुपमा प्रदान गर्नु भएको जस्तो गरेर व्यवहार गर्नुपर्दछ, हामीले तिनीहरुलाई सहजीकरण गरेको भनेर तिनीहरुलाई आदेश दिनु हुंदैन् । एउटी महिलाको सबै भन्दा पहिलो र महत्वपूर्ण कर्तव्य आफ्ना सन्तानको हेरचाह गर्नु अरु कुराहरु सहायक कुराहरु हुन् ।

त्यहाँ उपस्थित भएका सबैको लागि यो खुशीका साथ सिक्ने सत्र थियो ।

### प्रशिक्षक प्रशिक्षण कार्यक्रम

सुरुमा १९ देखि २३ अगष्टसम्म संचालन हुने प्रशिक्षक बनाइने प्रशिक्षणमा १८ जना उमेदवार थिए । विस्तारै देश भरीबाट अझ थप उम्मेदवारहरु आश्रममा जम्मा हुन सुरु गरे, फलस्वरुप अन्यतमा ५२ जना उम्मेदवार भए । प्रशिक्षण भन्दा एक दिन पहिले साँझको सत्सङ्ग पश्चात तिनीहरुको मालिकसित छोटो भेट भयो । उहाँले तिनीहरुलाई सुझाव दिईएका किताबहरु त्यस समयसम्म पुरै पढ्न सल्लाह दिनुभयो । जबसम्म ति पुस्तकका सार उनिहरु स्वयंभित्र नपसोस् ।

योगाश्रमको प्रशिक्षण कक्षमा कमलेश भाईले एउटा गहिरो प्रवचन दिनुभयो जसमा उहाँले विवेकानन्दको एउटा प्रवचनको अंश उद्धरण गर्नुभयो जसमा उहाँले यो उल्लेख गर्नु भएको थियो कि कसरी उहाँको लागि उहाँको गुरुको काम सबैभन्दा माथिल्लो प्राथमिकतामा थियो, त्यस अवस्थामा पनि जब उहाँको परिवारको लागि उहाँको अत्यन्त आवश्यकता थियो । यो एउटा यस्तो सन्देश थियो जुन अत्यन्त प्रेम, अत्यन्त मायालुभावले कुनै पनि किसिमको दवाव नदिई समसयको आवश्यकता र हाम्रो प्राथमिकताहरुको निर्धारण कसरी गर्ने भन्ने विषयमा थियो ।



प्रशिक्षक प्रशिक्षण, अहमदाबाद

श्री राम चन्द्र मिशन®
ECHOES OF NEPAL NEWSLETTER


अहमदाबाद


पनवेल

२२ तारिखको दिन विहान कमलेश भाईले अन्तिम सिटिङ्ग दिनुभयो र विहानको १० बजे मुम्वईको लागि प्रस्थान गर्नुभयो ।

## पनवेल, मुम्वई

वेलारुस तर्फ प्रस्थान गर्नुभन्दा पहिले कमलेश भाई पानवेलमा आईपुग्नुभयो । आश्रममा उहाँको दुई दिनको उपस्थितिबाट शान्ति पूर्वक लाभ प्राप्त गर्न हजारौं अभ्यासीहरु भेला भएका थिए ।

त्यस साँझ कमलेश भाईले आफ्नो खाना अभ्यासीहरुसितै साझा भान्साहलमा खाने ईच्छा व्यक्त गर्नुभयो । रातीको खाना पनि उहाँले अभ्यासीहरुसित अनौपचारिक अन्तरक्रिया गर्नुभयो र तिनीहरुका प्रश्नहरुको उत्तर दिनुभयो । २३ तारिख, आईतवारको दिन मालिकले सत्सङ्ग संचालन गर्नुभयो । त्यसपछि उहाँले अभ्यासिहरु सित आफ्नो ध्यानातित अवस्था दिनभरी नै कायम राख्नु पर्ने आवश्यकताको वारेमा कुरा गर्नुभयो । त्यहाँ उपस्थित भएकाहरु लाई उहाँले बाबुजी महाराजले सन १९४५ मा सुरु गर्नुभएको सहजमार्ग आध्यात्मिक अभियानको सम्झना गराउनु भयो र हामीले यसलाई संसार भरिनै फैलाउनु र विकास गराउनु पर्दछ । संख्याहरुको कुनै अर्थ छैन, हामीले अरुहरुको हृदयमा प्रभाव हो जसको अर्थ हुन्छ ।

स्वामी विवेकानन्दको साहिन्त्यमा उल्लेखित कुराको सन्दर्भ लिन्छौं उहाँले गुरुको सन्देश फैलाउन उनिहरुले कति दुःख उठाउने गरेको थियो भन्नुभयो र उहाँले यो स्मरण गराउनु भयो कि शिष्यको रुपमा यो अभियान फैलाउन हामीले त्यति दुःख गर्नु परेको छैन ।

दिउँसोको समयमा मालिकले अभ्यासीहरुका विभिन्न समुहहरुसित अन्तरक्रिया गर्नुभयो जसमा पानवेलका स्वयंसेवकहरु पनि थिए जसलाई सहजमार्गको यात्रामा सहयोग जारी राखि राख्न भन्नुभयो, उक्त अन्तरक्रियामा मुम्वई वरिपरिको स-साना केन्द्र र युवा तथा जेष्ठ नागरिकका समुहहरु पनि थिए ।

साँझमा सत्सङ्ग पश्चात उहाँले केटाकेटीहरुको वारेमा बोल्नुहुँदै मातापिताहरु कसरी यो सुनिश्चित गर्नु पर्दछ कि तिनीहरुको सुक्ष्म शरीरलाई कुनै पनि प्रकारले वाधा पर्न दिनु हुँदैन । उहाँले मातापिताहरुलाई यो सल्लाह दिनभयो कि आफ्नो जीवन शैली लाई यस प्रकारले नियमन गर्नु पर्दछ कि त्यो केटाकेटीहरु सित सामन्जस्य होस ।

आफ्नो अन्तरक्रियामा उहाँले चरित्र निर्माण र अनुशासनमा जोड दिनुभयो र भन्नुभयो कि अभ्यासीहरुले यो आफ्नो वाह्य आचारणमा उचिकै प्रतिविम्वित हुनुपर्दछ । उहाँले यस कुरामा सावधान गराउनु भयो कि ध्यान हाम्रो जीवनमा अर्को कर्मकाण्डको रुपमा नरहोस ।

एउटा लामो आईतवारको अन्त्य कमलेश भाईले मुम्वईबाट फ्र्याकफ्ट हुंदै मिन्स तर्फको उडान लिएपछि भयो ।

## बेलारुस र फ्रान्सको भ्रमण

कमलेश भाईले अगष्ट २४ देखि ३० सम्म वेलारुसको भ्रमण गर्नुभयो र त्यहाँबाट फ्रान्सको निस र मोन्टपेल्लरसम्म आफ्नो भ्रमण जारी राख्नु भयो । उहाँ फ्रान्समा ३१ अगष्ट देखि ४ सेप्टेम्बरसम्म रहनु भयो । यसको विस्तृत विवरण मिशनको वेवसाईटमा उपलब्ध छ । वार्ताको केहि वुंदाहरु तल दिईएको छ :

- उहाँले भन्नुभयो कि बाबुजी भन्नुहुन्छ कृपया ध्यान नियमित रुपमा गर्नुहोस । तपाईहरुमा यो विशेष egregore ल्याउन मलाई मद्दत गर्ने तरिका यही हो । एक पटक यस egregore को मुख्य संख्या वा मुख्य स्तरमा (Critical Mass) पुगेपछि, त्यही क्षणनै वंशानुगत परिवर्तनको प्रवेश विन्दु हुनेछ ।
- मालिकको सन्देशलाई संसार भरि फैलाउने सर्वोत्तम र एउटा मात्रै उपाय यो सन्देशहरुलाई पहिले आफ्नो हृदयमा लिने र त्यसपछि अरुलाई बाँडने हो ।
- स्वीकार्यता नै आध्यात्मिक तर्फको पहिलो कदम हो ।


बेलारुस



बेलारुस



इन्दौर

यो स्वीकार्यता सिक्ने प्रशिक्षणको मैदान नै पारिवारिक जीवन हो ।

- उहाँले भन्नुभयो कि आध्यात्मिकतामा आवश्यक पर्ने सबैभन्दा पहिलो आवश्यक गुण विनम्रता हो । जुन व्यक्तिमा यो छ उसले उच्चतम अवस्था सजिलैसित प्राप्त गर्न सक्दछ । उहाँले महत्वहिन मान्ने भावना नै विनम्रता हो भनेर परिभाषा गर्नुभयो ।

## सेप्टेम्बर २०१५

### पनवेल आश्रम, मुम्बई

११ तारिखको दिन कमलेश भाई विहानको ९.३० बजे पनवेल आश्रम आईपुग्नुभयो । विहानको खाजा खाने वितिकै उहाँ रायगढमा ७ जिल्लाई कलेज, रसायनी क्याम्पस तर्फ प्रस्थान गर्नुभयो । साँझमा कमलेश भाईले पानवेल आश्रममा सत्सङ्ग संचालन गर्नुभयो । सत्सङ्ग पश्चात उहाँले अभ्यासीहरुलाई आफ्नो डरहरु कागतमा लेखेर उहाँलाई दिन भन्नुभयो ।

१२ तारिखको दिन विहानको ७.३० बजे सत्सङ्ग संचालन गर्नुभयो जसमा उहाँले प्रत्येक व्यक्तिले आफ्नो निर्माता माथी दृढ विश्वास र ख्नु पर्ने कुरामा जोड दिनुभयो । उहाँले विहानको ११.३० बजे आफ्नो ईन्दौरको यात्रामा प्रस्थान गर्न विमानस्थल जान आश्रमबाट प्रस्थान गर्नुभयो ।

### इन्दौर, एम. पी.

ईन्दौरको विमानस्थलमा अभ्यासीहरु एउटा सानो समुहले कमलेश भाईलाई उत्साहका साथ स्वागत गरे । आफु बसेको घरमा दिउसो को खाना छिटो खाएर छोटो आराम पछि उहाँ पुरानो आश्रमको समारोह स्थल जानु भयो, जहाँ उहाँले १००० भन्दा बढी अभ्यासीहरुको लागि सत्सङ्ग संचालन गर्नुभयो । आश्रमको वाटोमा उहाँले निर्देशित सफाईको प्रकृया र निर्देशन व्याख्या गर्नुभयो र एक जना अभ्यासीलाई सत्सङ्ग भन्दा ठीक अगाडि त्यहि निर्देशन हिन्दीमा सुनाउन भन्नुभयो । ५-७ मिनेटको निर्देशित सफाई पछि कमलेश भाईले सत्सङ्ग संचालन गर्नुभयो जुन करिब ४० मिनेट चल्यो ।

सत्सङ्ग पश्चात छोटो वार्तामा उहाँले हृदयाभावको परिचय दिनुभयो र सहजमार्ग फैलाउनको लागि थुप्रै प्रशिक्षकहरुको आवश्यकता पर्दछ तसर्थ जसले जसले *राम चन्द्रका सम्पूर्ण कृतिहरु को* सबै भाग पढेका छन र जो प्रशिक्षकको रुपमा मिशनको सेवा गर्न तयार छन तिनीहरुले ईच्छा व्यक्त गर्न सक्दछन् भन्नुभयो ।

१३ तारिखको दिन विहान ७.३० बजे कमलेश भाईले वारदरीमा नयाँ आश्रम निर्माण स्थलमा सत्सङ्ग संचालन गर्नुभयो तत्पश्चात उहाँले ध्यानहरुको लागि जगको शिलान्यास गर्नुभयो । उहाँले केटाकेटीलाई बोलाउनु भयो र यसलाई उदघाटन गर्नुभयो तथा आफुले प्रकृया हेरी मात्रै राख्नुभयो । अघिल्लो दिन त्यहाँ भारी वर्षात भएको थियो, वसोवास र अन्य आवश्यक व्यवस्थाहरु नजिकैको कलेजमा गरिएको थियो । कलेजको साटो मैदान अस्थायी ध्यान हल बनाउन प्रयोग गरियो ।

कमलेश भाईले अचानकै प्रशिक्षकहरुको बैठक विहानको १०.३० बजे बोलाउने निर्णय गर्नुभयो । जुन शिध्र नै कलेजको सभाहलमा व्यवस्था गरियो, यसमा ६० जना प्रशिक्षक सहभागी भएका थिए । बैंठकको मुख्य केन्द्र विन्दु प्रशिक्षकहरुलाई यो भन्नको लागि थियो कि अभ्यासीहरु प्रति विशेष गरेर नयाँ अभ्यासीहरु प्रति बढि खुल्ला र मित्रवत बन्नुहोस । उहाँले बुधवार र आईतवारको ध्यानको विकेन्द्रिकरण गर्दाको अनुभव सुनाउनु भयो कसरी यसले सहभागीको संख्यामा बृद्धि भयो भन्नुभयो । उहाँले सबैलाई यो प्रयोग आ-आफ्नो केन्द्रहरुमा गर्ने सम्भावना खोज्न भन्नुभयो ।



इन्दौर

- उहाँले यो पनि व्याख्या गर्नुभयो कि एउटा प्रशिक्षकले आफ्नो क्षमतालाई निम्नस्तरको सोचाई राखेर सीमित नपार्नुहोस । उहाँले भन्नुभयो कि एउटा प्रशिक्षकले एउटा अभ्यासीमा, एउटा सहरमा, एउटा राज्यमा, एउटा देशमा, एउटा स्वदेशमा संसारमै काम गर्न सक्दछ ।
- उहाँले मृत्युमा १३ दिने कर्मकाण्डलाई सहजमार्गको १३ विन्दुहरुसित यदि मालिकले अनुमति दिनुभयो भने मोक्षको लागि पार गर्ने कुरा भन्नुभयो । त्यसैले कुनै पनि प्रियजनको वा कुनै अभ्यासीको मृत्युको खवर तुरुन्तै मालिकलाई ईमेलद्धारा जानकारी गराउन भन्नुभयो ता कि उहाँले यसको लागि काम गर्न सक्नुहोस । जब कुनै प्रशिक्षक त्याहाँ जान्छ, उसले त्याहाँ सत्सङ्ग गराउन सक्दछ, त्यहाँ उपस्थित भएका जो कोहि पनि अभ्यासी नभए पनि बस्न सक्दछन् ।
- जसरी उहाँले आफ्नो भ्रमणद्वारा ईन्दौरलाई चकित पार्नुभयो, एउटा प्रशिक्षकले पनि एउटा अभ्यासीलाई फोन गरेर वा सिटिङ्गमा बस्न भनेर चकित पार्नुपर्दछ ।

जस्तो कि यो विहानको ११ बजेको आईतवारको सत्सङ्गको घाम लागेको समय थियो, उहाँले विशेषरुपमा नै यो उदघोषण गर्न निर्देशन दिनुभयो ति कोही पनि घाममा नबसुन र यसको साटो वरण्डा वा कलेजको कोठा समेत घाम छल्नलाई प्रयोग गरुन् । यो सानो संकेतले पनि मालिकको हेर विचार गर्ने स्वभाव देखापर्दछ ।

दिउसोको करिब ३.३० बजे तिर हुरिवतास सहि बाक्लो वर्षात भयो जसले गर्दा सबै पालहरु र अस्थायी ध्यान हल पनि ढल्न पुग्यो । मौसमलाई विचार गर्दा वाहिरवाट आएका सबै अभ्यासीहरुलाई फर्किन अनुरोध गरियो किनभने यस्तो विषम परिस्थितिमा व्यवस्थापन गर्न सकिदैन थियो । साँझको सत्सङ्ग रद्द गरियो र सबैलाई जो जहाँ छन त्याहाँ नै दश बजे भन्दा पहिले ध्यानमा बस्न भनियो ।

संयोगले, कजेलका कालिकहरु (दुई जना साझेदार) कमलेश भाई भेट्न आए र तिनीहरुले रुचि देखाएको हुनाले उहाँले तिनीहरुलाई ध्यानको अनुभव गराउने ईच्छा व्यक्ति गर्नुभयो । साँझको ५.३० बजे उहाँले विश्रामको तरिकाबाट शुरु गर्नुभयो र ध्यान गराउनु भयो । ध्यानको अवधिमा एकजना अभ्यासी खोकी रहेका थिए, त्यसैले कमलेश भाई उठ्नुभयो । पंखा बन्द गर्नुभयो र पानी खान दिनुभयो, यो सबै उहाँले अर्को व्यक्तिलाई बाधा नपारी गर्नुभयो र सिटिङ्ग जारी राख्नुभयो ।

१४ तारिखको दिन विहानको ७.३० बजे करिब ८०० अभ्यासीहरुको लागि पुरानो आश्रममा सत्सङ्ग संचालन गर्नुभयो । आश्रममा विहानको खाजा खाएपछि उहाँले अचानकै नयाँ आश्रम निर्माणस्थलको भ्रमण गर्नुभयो । गाडिमा गईरहेको समयमा उहाँले विश्व विद्यालयको क्याम्पसको एक चक्कर लगाउनु भयो जहाँ एउटा संस्थानमा U-connect (यु-कनेक्ट) कार्यक्रम चलिरहेको थियो ।


प्रशिक्षक प्रशिक्षण, तिरुप्पुर

विमानस्थलको लागि प्रस्थान गर्नुभन्दा अगाडि उहाँले पुरानो आश्रम जानुभयो र स्वयं सेवकहरुलाई स्वयं सेवाको कार्य स्वार्थ रहित भएर गनुपर्दछ भनेर जोड दिदैं सम्बोधन गर्नुभयो । यो कुनै व्यक्तिलाई आवश्यक गर्ने विचारले (मालिकलाई समेत) यसको उद्देश्य नै नाश गर्दछ । काम गुमनाम ढंगले, वेनामी ढंगले, निष्ठापूर्वक र श्रद्धाका साथ गर्नुपर्दछ । उहाँले सबैलाई सेवा गरेर माथि उठदछ्ै, स्वयं सेवाको लागि ईज्जत पाँउदछु भन्ने विचार नलिईकन गर्न अनुरोध गर्नुभयो अन्यथा यसले घमण्ड र अहं उत्पन्न बढाउँदछ ।

उहाँ हैदरावाद तर्फको आफ्नो यात्राको लागि विहानको ११ बजे इन्दौर विमानस्थललाई प्रस्थान गर्नुभयो ।

## तिरुप्पुर

सेप्टेम्बर २० तारिखको दिन कमलेश भाई तिरुप्पुर आईपुग्नु भयो । उहाँको आगमनलाई अत्यन्त शान्त ढंगमा उत्साह हृदयहरु द्वारा स्वागत गरियो । १९ सेप्टेम्बरको दिन प्रशिक्षक बन्ने उम्मेदवारहरुको १३८ जनाको समुहको प्रशिक्षण चेत्तिपलायम आश्रममा चलिरहेको थियो ।

भण्डारा भन्दा पहिले तमिलनाडु र केरलाबाट आएका प्रशिक्षकहरुको लागि तीन दिने सेमिनार अयखभ गरिएको थियो जसको सुरुआत कमलेश भाईले संचालन गर्नु भएको सत्सङ्ग र सम्बोधनबाट भएको थियो । प्रष्ट रुपमा हालका सेमिनारहरुको प्रणाली भित्र गहिराईमा गएर उहाँले दिनुभएको कुराको महत्व बुझ्न र आत्मसात गर्नुमा केन्द्रित रहन्छ ।

सामान्यतया तिरुप्पुरमा रहँदा मालिकको अत्यन्त व्यस्त दैनिक कार्य तालिका हुने गर्दथियो जुन विहान सवेरै सुरु हुन्थ्यो र मध्यर


तिरुप्पुर


इरोड आश्रम उद्घाटन


निशुल्क चिकित्सा केन्द्र तिरुप्पुर

ातमा समाप्त हुने गर्दथियो । २५ सेप्टेम्बरको दिन उहाँले
इरोडमा नब निर्मित ध्यान हालको उदघाटन गर्नुभयो । उहाँ विहानको १०.१५ मा आश्रम पुग्नुभयो र सबैभन्दा पहिलो काम ध्यान हल तर्फ जाने बाटोको दाहिने पट्टि पिपलको विरुवा रोप्नु भयो । हल प्रवेश गर्दा उहाँले भन्नुभयो “यो अत्यन्त भव्य ध्यान हाल हो ।” उहाँले सत्सङ्ग संचालन गर्नुभयो र उत्साहप्रद वार्ता दिनुभयो जसलाई केन्द्रका संयोजकले तमिल भाषामा अनुवाद गर्नुभयो । आफ्नो वार्तामा उहाँले भन्नुभयो प्राणाहुति हावा जस्तै हो यो सर्वत्र विद्यमान छ हामी प्रणाहुतिको अनुभव मालिकको सहभागिद्धारा गर्दछौं । उहाँले यो उल्ले ख गनुभयो कि ईरोड केन्द्रलाई धेरै प्रशिक्षकहरुको आवश्यकता छ र उहाँले अभ्यासीहरुलाई यसको लागि आफुलाइ तयार गर्न भन्नुभयो ।



यो आश्रम वेंग्लोर-चेन्नाई राजमार्गमा ईरोड बस स्टपबाट १२ कि.मि.पर अन्तयापालममा अवस्थित छ । यो हल दायाँ, वायाँ र अगाडि वरण्डा सहित १०४०० स्क्वायर फिटको रहेको छ । नयाँ हलको विशेष काम वाहेक अरु सबै श्रमको काम अभ्यासीहरुले गरेका हुन् । आश्रमको हातामा अन्यन्त सौहाद्रपूर्ण वातावरण रहको छ तथा समुहमा भएको कामले अभ्यासीहरुको वीचमा भातृत्वको भावना विकसित भएकोछ ।

२६ तारिखको दिन डि.जे.पार्क, तिरुप्पुरमा कमलेश भाईले नवनिर्मित निशुल्क स्वास्थ्य केन्द्रको भवन उदघाटन सत्सङ्ग भन्दा पहिले गर्नुभयो । यो केन्द्र जनताहरुको लागि खुल्ला रहन्छ । तिरुप्पुर का पुलिस कमिश्नरले कमलेश भाईलाई भेट्नु भयो र आफ्नो कार्यालयमा हदयभावको सत्र संचालन गर्न आमन्त्रण गर्नुभयो । भण्डाराको समाप्ति पछि सेप्टेम्बर ३० तारिखको दिन कमलेश भाईकमश्निरको कार्यालयमा गएर ६५० जना पुलिस अफिसरको लागि सत्र संचालन गर्नुभयो । हृदयाभावको प्रशिक्षण अर्को दुई दिनसम्म संचालन भयो ।

## हैदरावाद

भण्डारा पछि मालिक केहि समय कान्हामा विताउनु भयो । त्यहाँ आफ्नो वसाईको अवधि उहाँले आराम गर्न र हिमालय क्षेत्रको भ्रमणको तयारीमा विताउनु भयो । उहाँ मोवाईएको सहज-कनेक्ट (Sahaj Connect) प्रोग्राम प्रयोग गरिरहनु भएको छ र धेरै अभ्यासीहरु लाई सिटिङ्ग प्रदान गरिरहनु भएको छ । यी दिनहरुमा उहाँले Sahaj Marg Philosophy नामक पुस्तक पढ्नु भयो ।

अनौपचारिक कुराकानीमा आएका मोतीहरु यस प्रकार छन् :मालिक प्रतिको प्रेमको विषयमा कुरा गर्दै उहाँले भन्नुभयो कि हामीले त्यस्तो कुनै पनि काम गर्नु हुँदैन जसले मालिकको ईज्जतमा असर परोस । हाम्रो जीवनमा हाम्रा शव्दहरु तथा आचरणहरुमा मालिकको शिक्षाको सारतत्व प्रतिविम्भित हुनु पर्दछ ।


कान्हा

heartfulness
purity weaves destiny



- बाबुजी महाराजको विषयमा कुरा गर्दै उहाँले भन्नुभयो “ईश्वरीय सारतत्वलाई हाम्रो जीवनमा ल्याउनु नै हृदयाभाव हो ।”
- तपाई ईच्छाको त्याग गर्न सक्नु हुन्न । तपाई ईच्छाको स्वभाव र यसको निस्सारताको वारेमा बुझ्न मात्रै सक्नुहुन्छ । ईच्छाको परिपूर्ति वा त्यागसित खेलवाड गर्नुपर्ने कुनै अर्थ छैन् । त्यो व्यक्ति जसले ईच्छाको स्वभाव लाई बुझेको हुन्छ उसले जीवनको कला सिक्दछ ।

अक्टुवर ८ को दिन विहानको करिब १०.३० बजे कमलेश भाई दिल्ली पुग्नु भयो र सडकमार्गवाट सतखोल तर्फ प्रस्थान गर्नुभयो ।

१२ सेप्टेम्बरको दिन कमलेश भाईले पिल्लाई HOCL Educational Campus रसायनीको प्रशासनिक खण्डको उद्घाटनका साथ ध्यानको राष्ट्रिय कार्यक्रमको सुरुआत भयो । डा. के. एम. वासुवेदन पिल्लाई (Chairman and CEO, Mahatma Education Society) ले सबैलाई स्वागत गर्नु भयो र ईन्जिनियरिङ्का विद्यार्थी हरुलाई आफ्नो युवावस्थालाई संवेदनशिल र राम्रोसित उपयोग गर्न आग्रह गर्नुभयो ता कि तिनीहरुले फलदायी र सफल जीवन प्राप्त गर्न सकुन् ।

कमलेश भाईले आफ्नो भाषणमा ध्यानको लाभमा जोड दिनुभयो जस्तो कि आई. क्यूको स्तरमा बृद्धि शैक्षिक कार्यक्रमको तनावमा कमी, शैक्षिक क्षेत्रमा उपलब्धि हाँसिल हुने र बढी एकाग्रता आदी । यसपछि विश्रामको तरिका र सत्सङ्गको सत्र संचालन भएको थियो ।

तेश्रो र अन्तिम वर्षका करिब १२०० विद्यार्थीहरु यो सत्रमा सहभागि भएका थिए । यसको समाप्ति धन्यवाद ज्ञापन र विद्यार्थीहरुबाट प्रतिक्रिया दिएर भएको थियो ।

यो कार्यक्रम पछि १४-१६ सेप्टेम्बरसम्म विद्यार्थीहरुलाई हृदयाभाव, विश्राम र ध्यानको तरिकाको बारेमा तीन दिने प्रशिक्षण कार्यक्रम संचालन भएको थियो । ईन्जिनियरिङ्का करिब १२० जना विद्यार्थीहरुले प्रशिक्षण कार्यक्रम पुरा गरेर HOCL क्याम्पसमा साप्ताहिक सामुहिक ध्यानको लागि नाम लेखाए ।

यस अवसरमा Heartfulness Student Wellness Club को स्थापना गरेर उदघाटन गरियो, यसको लागि १५ जनाको विद्यार्थी समिति बनाईयो जसमा विद्यार्थी तथा फ्याकल्टीका सदस्यहरु पनि समावेश छन् । यो कार्यक्रम Wellness Department of Mahatma Education Society को अन्तर्गत भएको हो र यो गरिएको छ कि थुप्रै Wellness कार्यक्रम जुन ध्यान, आध्यात्मिकता र शारीरिक सुसंगठन र मनोरञ्जनसित सम्बन्धित कार्यक्रम नियमित रुपमा विद्यार्थी र शिक्षकहरुको लागि संचालन हुनेछ र यो विद्यार्थीको शैक्षिक कार्यतालिकामा समावेश गरिनेछ ।




रायगढ

# नेपाल समाचार

## प्यारा मालिकको ६० औं जन्मदिन

मालिकको जन्मदिन २८ सेप्टेम्बर २०१५ को दिन काठमाण्डौं, नेपालगन्ज, विराटनगर, महेन्द्रनगर भैरहवा सेन्टरहरु लगायत सबैजसो नेपालका सेन्टरहरुमा मनाईयो । सबै जसो सेन्टर हरुमा बिहान ७:३० को ध्यान र साँझ स्थानिय सुविधा अनुसार ५ बजे ध्यान गरियो । सबै अभ्यासीहरुले उत्साहकासाथ भाग लिए ।

**काठमाण्डौं सेन्टर** : २८ सेप्टेम्बर २०१५ दिनभरिको कार्यक्रम गरि मालिकको शुभ जन्मोत्सव मनाइयो । सत्संगको अगाडी लालाजी महाराज, बाबुजी महाराज र चारीजी महाराजको तस्विरमा माल्यार्पण गरियो । विहानको ध्यान ७:३० बाट सुरु भयो । त्यसपश्चात व्हशपर्स फ्रम द ब्राइटर वर्ड को सन्देश पढियो । दिन भरिको कार्यक्रम गरि साँझ ५ देखि ६ बजेको सत्संग गरि कार्यक्रम सम्पन्न भयो ।

**नेपालगंज सेन्टर** : अभ्यासीहरुले २८ सेम्प्टम्बरको दिन विहान ७:३० बजे ध्यान र त्यस पश्चात दिन भरिको कार्यक्रम गरि मनाईयो ।

**विराटनगर सेन्टर** : २८ सेप्टेम्बर २०१५ दिनभरिको कार्यक्रम गरि मालिकको शुभ जन्मोत्सव मनाइयो । विहानको ध्यान ७:३० बाट सुरु भयो । त्यसपश्चात व्हीशपर्स फ्रम द ब्राइटर वर्ल्डको सन्देश पढियो । दिन भरिको कार्यक्रम गरि साँझ ५ देखि ६ बजे को सत्संग गरि कार्यक्रम सम्पन्न भयो ।

त्यसै गरेर महेन्द्रनगर, भैरहवा, बस्तिपुर तथा विर्तामोड सेन्टरहरुमा पनि मालिकको जन्मदिन मनाइयो ।

पुज्य मालिकको डाईमण्ड जुब्लिपार्क तिरुप्पुरमा आयोजित शुभ जन्मोत्सव मनाउन भैरहवा र विराटनगर सेन्टरबाट अभ्यासीहरु गएका थिए ।

## होम ग्यादरिङ्ग कार्यक्रम विराटनगर

२२ अगस्त २०१५ : विराटनगर १७ , स्टार बोर्डिङ्ग हाउस नजीक अभ्यासी ब्रदर सुसील कुमार देवको घरमा होम ग्यादरीङ्ग कार्यक्रम साँझ ३:३० देखि ५ बजे सम्म आयोजना गरिएको थियो, जहाँ जिज्ञासु सिस्टर-२, ब्रदर-१५, अभ्यासी -५ गरि जम्मा २२ जना जम्मा भएका थिए । कार्यक्रम पश्चात ३ जना जिज्ञासुहरुले सिटिङ्ग लिनुभई सहजमार्ग पद्धतिमा आबद्ध हुनु भएको थियो ।

४ सेप्टेम्बर २०१५ : विराटनगर १५ , पिचरा अभ्यासी ब्रदर अमरेन्द्र रौनियार घरमा होम ग्यादरीङ्ग कार्यक्रम साँझ ३:३० देखि ५ बजे सम्म आयोजना गरिएको थियो, जहाँ जिज्ञासु सिस्टर-१, ब्रदर-५, अभ्यासी -५ गरि जम्मा ११ जना जम्मा भएका थिए । कार्यक्रम पश्चात ३ जना जिज्ञासुहरुले सिटिङ्ग लिनुभई सहजमार्ग पद्धतिमा आबद्ध हुनु भएको थियो ।

१९ सेप्टेम्बर २०१५ : विराटनगर १७ , कोशी प्रोजेक्ट अभ्यासी ब्रदर पुस्कर देवको घरमा होम ग्यादरीङ्ग कार्यक्रम दिउसो ११ देखि १२:३० बजे सम्म आयोजना गरिएको थियो, जहाँ जिज्ञासु सिस्टर-७, ब्रदर-१, अभ्यासी-४ गरि जम्मा १२ जना जम्मा भएका थिए । कार्यक्रम पश्चात १ जना जिज्ञासुहरुले सिटिङ्ग लिनुभई सहजमार्ग पद्धतिमा आबद्ध हुनु भएको थियो ।

१९ सेप्टेम्बर २०१५ : विराटनगर १७ , कोशी प्रोजेक्ट शिव मार्ग अभ्यासी ब्रदर गंगा देवको घरमा होम ग्यादरीङ्ग कार्यक्रम दिउसो १ देखि २:३० बजे सम्म आयोजना गरिएको थियो, जहाँ जिज्ञासु सिस्टर-५, ब्रदर-८, अभ्यासी-५ गरि जम्मा १८ जना जम्मा भएका थिए ।

heartfulness
purity weaves destiny

## हृदयानुभूति कार्यक्रम काठमाण्डौ

काठमाण्डौं चावहिल स्थित टेक्सस कलेजमा हृदयानुभुति ध्यानको कार्यक्रम सेप्टेम्बर ७, ८, ९, १० र ११ तरिख गरि लगातार ५ दिन ब्रदर निरञ्जन बरालले विहान र त्यस पछि हृदयानुभुति ध्यान को कार्यक्रम संचालन गर्नु भएको थियो ।

सेप्टेम्बर ७ तारिखको दिन टेक्सस कलेजमा बिहान जम्मा ६८ जनालाई विद्यार्थीहरु लाई विश्रान्ति ध्यान र त्यस पछि हृदयानुभुति ध्यान को कार्यक्रम गरियो ।

त्यसै गरि लगातार सेप्टेम्बर ८ तारिखको दिन जम्मा ७५ , ९ तारिखको दिन विहान जम्मा १११ जना विद्यार्थीहरुलाई , १० तारिखको दिन जम्मा २९ जनालाई र ११ तरिखको दिन ३८ जना लाई गरि ५ दिनको अवधिमा जम्मा ३२१ जनालाई विश्रान्ति ध्यान र त्यस पछि हृदयानुभुति ध्यान को कार्यक्रममा सहभागी गराईएको थियो । विद्यार्थीहरुको प्रतिकृया राम्रो थियो र दशैं र तिहारको बिदा परेकोले गर्दा हाललाई कार्यक्रमलाई स्थगन गरिएको र चाडबाबड पश्चात कलेज खुले पश्चात हृदयानुभुति ध्यान कार्यक्रमलाई फेरि निरन्तरता दिईनेछ ।